मिति २०८१/०४/२४ गते बसेको दोस्रो गाउँ कार्यपालिका बैठकको उपस्थिती

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८१/०४/२४ बैठक संख्या : २०८१/०८२-०२ समय : विहान ११: ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिको कार्यालय, लामिटार

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख

Scanned with CamScanner

मिति २०८१/०४/२४ गते बसेको दोस्रो गाउँकार्यपालिका बैठकको निर्णयहरु

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया,मकवानपुर
बागमती प्रदेश,नेपाल

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु :

१. वार्षिक प्रगति समीक्षा सम्वन्धमा ।
२. मनहरी अस्पतालको जग्गा व्यवस्था सम्वन्धमा
३. समितिमा मनोनयन सम्वन्धमा ।
४. कानून सम्वन्धमा ।
५. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।
६. विभिन्न व्यक्ति तथा संघ संस्थावाट माग भई आएको आर्थिक सहायता सम्वन्धमा।
७. ठेक्का प्रक्रिया सम्वन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको आ.व. ०८१/८२ मा भएका भौतिक र वित्तीय उपलव्धी सहितको वार्षिक प्रगति समिक्षा कार्यक्रम सम्पन्न गरियो ।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ७ मनहरी बजार स्थित मनहरी अस्पताललाई भौतिक पुर्वाधार सहित १५ शैयाको अस्पताल वनाउने नेपाल सरकारको निर्णयानुसार तोकिएको मापदण्ड अनुसारको जग्गा केहि मात्रामा नपुग भएकाले विगत लामो समय देखि मनहरी अस्पतालको भोगचलमा रहेको र हाल अस्थायी अस्पताल संचालनमा रहेको उत्तर तर्फ महेन्द्र राजमार्ग, दक्षिण तर्फ वाटो, पश्चिम तर्फ मनहरी इलाका प्रहरी कार्यालय र पुर्व तर्फ वाटो रहेको यति ४ किल्ला भित्रको ०-२-१८.० विगाहा जग्गा अस्पताल प्रयोजनका लागि उपयोग गर्न आवश्यक भएको तर कित्ता नम्मर समेत कायम भएको नदेखिएकाले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ को दफा ३ बमोजिम जग्गा दर्ताका लागि मालपोत कार्यालय मकवानपुर मार्फत श्रेस्ता कायम गराउन आवश्यक कागजातहरु सहित नेपाल सरकारको सम्वन्धित निकायहरु संग अनुरोध गरी पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको फोहोरमैला व्यवस्थापन निर्देशिका, २०८१, को परिच्छेद -३ को व्यवस्थापन तथा कार्यान्वयन सम्वन्धी व्यवस्थाको दफा १२ बमोजिमको समितिमा देहाय अनुसारका पदाधिकारीहरु मनोनयन गर्ने निर्णय गरियो ।

अध्यक्ष — श्री अनन्त प्रकाश अर्याल वडा नं. ३ वडा अध्यक्ष

...न कालाखेती
अध्यक्ष

Scanned with CamScanner

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमका नयाँ कानून तथा संशोधित कानून स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

क) उर्जा प्रभावकारी भवन निर्माण स्वीकृत सम्वन्धि कार्यविधि, २०८१

ख) मनहरी गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ मा पहिलो संशोधन २०८१ स्वीकृत गरियो ।

ग) मनहरी गाउँपालिकाकव ढुंगा, गिट्टी, बालुवा आदी उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० मा प्रथम संशोधन २०८१ स्वीकृत गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा बागमती प्रदेश सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयको मिति २०८१/०४/१५ गतेको सूचनानुसार "समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमको लागि लागत साझेदारी वापत न्युनतम २०% रकम सुनिश्चित गरी कृषि बाली बस्तुका लागि वडा नं. ३ र पशुपंक्षी तथा मत्स्यजन्य उत्पादनका लागि वडा नं. ८ छनौट गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकासंग विभिन्न निकाय/संघ/संस्था/ तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहायता माग भई आएकोमा तपसिल बमोजिम तोकिएको शिर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | व्यक्ति/ संघ/ संस्थाको नाम ठेगाना | विवरण | अनुदान/ आर्थिक सहायता रकम | भुक्तानी हुने शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | जुना फिल्मस् प्रा. लि. | स्थानीय भाषा/ संस्कृतिको जग्रेना हुने गरी दानवी स्थानीयद्धारा फिल्म निर्माण | ८०,०००/- | भाषा/संस्कृतिको संरक्षण | |
| २ | ईलाका प्रहरी कार्यालय, नेवारपानी | मनहरी गाउँपालिकाको कार्यक्षेत्रभित्र निरन्तर अनुगमन र गस्ती कार्यको लागि गाडी बिग्रिई मर्मत गर्न आवश्यक रहेको | २५,०००/- | सवारी साधन मर्मत | |

रन्जन कोलाखेती
अध्यक्ष

Scanned with CamScanner

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

रमेश सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | मकवानपुर उद्योग वाणिज्य संघ, पश्चिम क्षेत्र समिति मनहरी | मनहरी गाउपालिका वडा नं. ६ निवासी काले बहादुर राईको जंगली हात्तीको आक्रमणमा परी मृत्यु हुदाँ शवगृह सम्म लैजादा लागेको एम्बुलेनस भाडा | ५,०००/- | आर्थिक सहायता |
| ४ | इन्द्र कुमार प्रजा | मनहरी गाउपालिका हाडीखोला स्वास्थ्य चौकीमा रंगरोगन गर्ने क्रममा लडेर घाईते हुदाँ औषधि उपचार वापतको खर्च | २०,०००/- संलग्न बिल/भर्पाईको आधारमा | आर्थिक सहायता |

७. प्रस्ताव नं. ८ माथि छलफल गर्दा वडा नं. नं. ४ स्थित स्वास्थ्य क्षकाई भवनकव निर्माणको ठेक्का लिएको गुरुकुल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. बिच सम्झौता भएकोमा उक्त स्थानमा आवश्यक जग्गा गाउँपालिकाले उपलब्ध गराउन नसकेको कारण गूरुकुल विल्डर्स एण्ड सप्लायर्स प्रा. लि. लाई कुनै जरिवाना नलगाई उक्त ठेक्का तोड्ने निर्णय गरियो । उक्त ठेक्का तोड्ने प्रक्रिया अगाडी वढाई ठेक्का तोड्न कार्यालयलाई निर्देशन दिईयो ।

माथि उल्लेखित निर्णयहरु सर्वसम्मत रुपमा निर्णय गरियो ।

इन्जन कालाखेती
अध्यक्ष